ज.प्र.का.म.द.नं.४८/०७३/०७४

❑ वर्ष ६, अंक १०२
❑ १ माघ २०७९ आइतबार
❑ 15 Jun. 2023, Sunday
✹ www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैँ र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## धनुषाको नगराइन नगरपालिकामा मेयर र उपमेयरबीच हठको लडाई, बन्धकमा कर्मचारीदेखि सर्वसाधारण

**विजय साह**

**पुस ३० गते, महेन्द्रनगर**

कर्मचारीको आन्दोलनका कारण धनुषास्थित नगराइन नगरपालिकाको सम्पूर्ण कामकाज एक महिनाभन्दा बढी समयदेखि ठप्प छ ।

कार्यालय, विद्यालय, स्वास्थ्य, कृषिलगायत नगरपालिकाको कार्यालयबाट हुने सबै सेवा प्रवाह ठप्प छ । साउन महिनादेखि तलब भत्ता नपाएको भन्दै तलब भत्ता पाउनुपर्ने माग राखी नगरपालिकाअन्तर्गतका सम्पूर्ण कर्मचारी मङ्सिर १६ गतेदेखि आन्दोलनमा ओर्लेका छन् ।

नगरपालिकाले अहिलेसम्म नगर परिषद् बैठक गर्न नसकेका कारण यो समस्या देखिएको छ । उपभोक्ता समिति गठन तथा नगरस्तरीय बजेट कार्यान्वयनका लागि विगतमा बनेको कार्यविधि संशोधनको विषयमा जनप्रतिनिधिबीचको विवादले असार १० मा हुने नगर सभा अहिलेसम्म हुन सकेको छैन ।

नगराइन नगरपालिकाका नगर प्रमुख विनय यादवले नगरपालिकाको समस्या समाधान गर्नका लागि हदैसम्म लचिलो बन्दा पनि उपप्रमुख राधादेवी यादवसहित एमाले तर्फबाट निर्वाचित वडाध्यक्षले नगरपालिकालाई बन्धक बनाएको आरोप लगाउनुभयो । उहाँले आफू पटकपटक बैठक बोलाएर सहमति गर्न खोज्दा पनि विपक्षीहरू सहमतिमा आउन नसकेकाले कर्मचारी तथा शिक्षकले तलब भत्ता पाउन नसकेको जानकारी दिनुभयो । कर्मचारी तथा शिक्षकको तलब भत्ता खुवाउनका लागि भए पनि परिषद् बैठक सम्पन्न गर्न आग्रह गर्दा पनि नेकपा एमालेबाट बेवास्ता गरिँदै आएको दाबी नगर प्रमुख यादवको छ ।




नगरपालिका उपप्रमुख राधादेवी यादवले तत्कालीन नगरप्रमुख प्रमेश्वर यादवलाई हितकारी हुने गरी संशोधन गरिएको स्थानीय सरकार सञ्चालन कार्यविधि पुनः संशोधन गरी पहिलाकै अवस्थामा हुनुपर्ने आफूहरूको माग रहेको बताउनुभयो ।

कार्यविधिको दफा ४ को उपदफा (ग) मा 'नगरपालिकास्तरीय आयोजना सञ्चालनका लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ' भन्ने व्यवस्था रहेकोमा त्यसलाई २०७६ मा संशोधन गरी 'वडास्तरीय योजनाबाहेक अन्य आयोजना सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नुपर्ने, व्यवस्था गरिएको छ । त्यो संशोधित प्रावधान हटाउन तयार भए जुनसुकै बेला पनि नगर परिषद्मा सहभागी हुने उपप्रमुख राधादेवीले जानकारी दिनुभयो तर नगरप्रमुख यादव कार्यविधि संशोधन गर्ने पक्षमा नदेखिएकाले यो अवस्था सिर्जना भएको नगर उपप्रमुखले बताउनुभयो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामगुलाम कर्णले सर्वदलीय सर्वपक्षीय बैठक पटकपटक गरे पनि समस्या समाधान हुन नसकेको बताउनुभयो । उहाँले जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्यको उपस्थितिमा सहमतिको प्रयास गर्दा पनि सहमति हुन नसकेको जानकारी दिनुभयो ।

विवादको मुख्य कारण स्थानीय सरकार सञ्चालन कार्यविधि रहेको छ । २०७४ मा कांग्रेसको बहुमत जनप्रतिनिधि थियो । त्यतिबेला प्रमुख र उपप्रमुखसहित बहुमत कार्यपालिका सदस्य कांग्रेसले जितेको थियो । तत्कालीन कार्यपालिकाले २०७६ सालमा कार्यविधिको दुईवटा बुँदा संशोधन गरेको थियो ।कार्यविधिको दफा ४ को उपदफा (ग)को संशोधन नै विवादको मुख्य कारण बन्न गएको छ ।

**दस हजार विद्यार्थी पढ्नबाट वञ्चित**

कर्मचारी तथा शिक्षक आन्दोलनमा उत्रेपछि नगराइन नगरपालिकामा रहेको १६ वटा सामुदायिक विद्यालयका १० हजार विद्यार्थी पढ्नबाट वञ्चित भएका छन् । यता विद्यार्थीले पनि पठनपाठन नियमित हुनुपर्ने माग गर्दै आन्दोलनमा उत्रेका छन् । पठनपाठनको माग गर्दै आन्दोलनमा उत्रे पनि जनप्रतिनिधिले विद्यालय सञ्चालनका लागि कुनै पहल नगरेको नगराइन नगरपालिकास्थित राजेश्वर निधि माध्यमिक विद्यालयका विद्यार्थी सुभाष साहले बताउनुभयो । विद्यालय बन्दका कारण नगरपालिकाले सञ्चालन गर्ने अर्द्धवार्षिक परीक्षा र एसईई परीक्षा फाराम भर्ने कामसमेत हुन पाएको छैन ।


**नियमित खोप कार्यक्रम बन्द**

कर्मचारीहरू तलब भत्ता माग गर्दै आन्दोलित भएपछि नियमित खोप कार्यक्रम पनि पूर्ण रूपमा बन्द भएको छ। खोप सेवा प्रभावित भएपछि जन्मदेखि १५ महिनासम्मका बालबालिकालाई दिइने विभिन्न प्रकारका नियमिति खोप सेवासमेत बन्द भएको हो । क्षयरोगबाट शिशुलाई जोगाउनका लागि बीसीजी, पेन्टा, पोलियो, एफआईटीभी, निमोनियाबाट जोगाउनका लागि पीसीभी, दादुरा रुबेलासहितका १३ वटा लक्षित खोप दिने गरिन्छ ।

**ज्येष्ठ नागरिक पनि आन्दोलित**

धनुषाको नगराइन नगरपालिकाका ज्येष्ठ नागरिक आन्दोलित भएका छन् । नेपाल सरकारद्वारा ज्येष्ठ नागरिकलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता नगरपालिकाले छ महिनादेखि उपलब्ध नगराएकोले बाध्य भएर आन्दोलित भएका हुन् । स्थानीय भोला दासको अध्यक्षतामा ज्येष्ठ नागरिक सङ्घर्ष समिति गठन गरी ज्येष्ठ नागरिक आन्दोलनमा उत्रेका हुन ।

## मधेश प्रदेशको सभामुख पदमा मण्डल र रायको उम्मेदवारी



**जनकपुर** / मधेश प्रदेशको प्रदेशसभाको सभामुखका लागि दुई जनाको आज उम्मेदवारी परेको छ। सभामुखका लागि नेकपा एमालेबाट प्रदेशसभा सदस्य रामचन्द्र मण्डल र नेपाली काङ्ग्रेसबाट जंगीलाल रायले उम्मेदवारी दर्ता गराउनुभएको हो ।

मण्डल धनुषाको निर्वाचन क्षेत्र नं १(ख) बाट नेकपा एमालेबाट निर्वाचित तथा सत्ता गठबन्धनका तर्फबाट साझा उम्मेदवार हुनुहुन्छ भने राय नेपाली कांग्रेसका तर्फबाट सर्लाही २(ख) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका प्रदेशसभाका सदस्य हुनुहन्छ ।

मण्डलको प्रस्तावकमा माओवादी केन्द्रका संसदीय दलको नेता भरत साह, जनमतको संसदीय दलको नेता महेश यादव, लोसपाका रानीशर्मा तिवारी लगायतका रहेका रहनुभएको छ ।

यस्तै, कांग्रेसका उम्मेदवार रायको प्रस्तावकमा कुमरकान्त झा र जिवछी देवी यादव रहनुभएको छ ।

प्रदेशसभाको बैठकबाट माघ २ गते मधेश प्रदेशको सभामुख पदका लागि निर्वाचन हुने मिति यसअघि नै तय गरिसकेको छ ।

## मिटरब्याज पीडितले गठन गरे संघर्ष समिति

**सर्लाही** / सर्लाहीमा मिटरब्याज पीडितहरूले संघर्ष समिति गठन गरेका छन्।

साहु/महाजनहरूको चर्को ब्याजबाट पीडितहरूले बिहीबार हरिवनमा भेला गरेर ११ सदस्यीय मिटर ब्याज पीडित संघर्ष समिति गठन गरेका हुन्। समितिको अध्यक्षमा रवीन्द्र कुशवाहा चयन भएका छन्। त्यसैगरी उपाध्यक्षमा श्रद्धा चौधरी, सचिवमा सोन्फी चौधरी, कोषाध्यक्षमा छविलाल साह चयन भएका छन्।

सर्लाहीमा साहु/महाजनको चर्को ब्याजबाट पीडितहरू न्यायका लागि लामो समयदेखि संघर्षरत छन्।

पीडितले जिल्ला र राजधानी काठमाडौंमा गएरसमेत गरेको संघर्षका कारण केही मिटरब्याजीलाई प्रहरीले पक्राउसमेत गरेको छ।

साहुसँग लिएको ऋणको चारगुणा बढी रकम बुझाइसक्दा पनि ऋणमुक्त नगरेको गुनासो धेरैको छ। मिटरब्याजी साहुविरुद्ध आन्दोलन गर्ने तयारीअनुसार संघर्ष समिति गठन गरिएको संयोजक चौधरीले बताइन्। मिटरब्याजमा ऋण लिनेहरूसँग प्रशासनले केही महिनाअघि देशव्यापी रूपमा उजुरी लिएको थियो।सर्लाही, महोत्तरी, धनुषासहित मधेशका धेरै जिल्लामा मिटरब्याजबाट सयौं परिवार प्रताडित छन्।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# जनहितकारी विचारलाई प्रर्याप्त ठाउँ दिनुपर्छ


विचारले नीति उत्पादन गर्छ र नीतिले कार्ययोजनाको निर्धारण गर्छ । विचारले पार्टी र जनतालाई पथप्रदर्शन गर्छ र वैज्ञानिक नीति निर्माणमा अन्तर्दृष्टि प्रदान गर्छ । जनतामाझ विचार र नीति स्थापित गराउन सक्नेहरू नै पार्टीका नेताका रूपमा चिनिन्छन् । सामान्यतः विचार बिनाको राजनीतिक पार्टीको कल्पना गरिन्न । किनभने मानव स्वयं नै वैचारिक एवं तर्कशील प्राणी हो । विचार शक्ति नै मानवको प्रमुख विशेषता हो, जसले मानवलाई आध्यात्मिक स्तरको निर्विचारतिर समेत जान सघाउँछ । भौतिक दुनियाँमा विचारविहीन मानवको कल्पना गर्न सकिन्न । विचार बीज हो, जसबाट फल लाग्छ । राम्रो विचार मनमा फलाउँदा राम्रो फल मिल्छ भने नराम्रो विचार मनमा फलाउँदा नराम्रो परिणाम मिल्छ । त्यसैले त बुद्धले सम्यक दृष्टि र सम्यक विचारलाई जोड दिएका हुन् । राजनीतिक पार्टीको हकमा पनि यो साँचो हो । सही विचारलाई इमानदारी र अदम्य इच्छाशक्तिका साथ कार्यान्वयन गर्दा सफलता मिल्छ । तर विचार सही बोकेर पनि त्यसलाई कार्यान्वयन गर्ने क्रममा मानसिकता गलत दिशातिर वा क्षणिक स्वार्थतिर मोडियो भने परिणाम उल्टो आउँछ । यसप्रति पूर्वसजगता आवश्यक पर्छ ।

विचारको सुरुवात व्यक्तिबाट हुन्छ तर त्यो समाजका धरातलीय यथार्थबाट हुर्किएको हुन्छ । व्यक्तिले विचार प्रकट गर्छ, सामाजिकीकरण गर्छ । धेरैको हितमा देखियो भने विचार समाजकै साझा सम्पत्ति बन्छ तर व्यक्तिभन्दा माथि उठ्न नसकेको विचारले सामाजिक मान्यता प्राप्त गर्दैन । राजनीतिक पार्टीको हकमा पनि यो शाश्वत हुन्छ । विचारले पार्टीको वास्तविक परिचय दिन्छ । व्यक्तिभन्दा माथि उठेर बृहत समाजको हित गर्न सक्ने विचारले धेरै जनसमुदायलाई आकर्षित गर्छ । शक्ति र नाफा-केन्द्रित विचारलाई मात्र गुन्जाइयो र मानवहितकारी शाश्वत विचारलाई दबाइयो भने कालान्तरमा समग्र समाजले पीडा भोग्नुपर्ने स्थिति आउँछ ।

वर्तमान सूचना तथा सञ्चार प्रविधिको युगमा जनहितकारी विचारलाई पर्याप्त ठाउँ दिने कसरत सबै सरोकारवाला पक्षले गर्नुपर्छ । यसो गर्दा समाजलाई हानि पुऱ्याउने विचार स्वतः निष्क्रिय हुँदै जान्छ । कुनै पनि पार्टीको केन्द्रीय समितिमा विविध प्रकारका विचार पेस हुन्छन् भने त्यहाँ सही मन्थन पनि हुनैपर्छ । भिन्न मतहरूको व्यवस्थापनले नै कुनै पनि लोकतान्त्रिक पार्टी गुणात्मक रूपमा रूपान्तरित हुँदै जान्छ ।

# आज आठौँ राष्ट्रिय योग दिवस मनाइँदै

**खबर दर्पण समाचारदाता**
**पुस ३० गते, महेन्द्रनगर**



'स्वस्थ जीवनको चाहना : योग, शिक्षा र साधना' भन्ने नाराका साथ आठौँ राष्ट्रिय योग दिवस देशभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ। मन्त्रिपरिषद्को विसं २०७२ साउन २८ गतेको बैठकले माघ १ गते राष्ट्रिय योग दिवस मनाउने औपचारिक निर्णय गर्दै यसको संयोजन गर्ने जिम्मेवारी शिक्षा मन्त्रालयलाई सुम्पेको थियो ।

तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्री नरहरि आचार्यको प्रस्तावमा मन्त्रिपरिषद्ले माघ १ गतेलाई राष्ट्रिय योग दिवस घोषणा गरेको हो ।

यसअघि विसं २०३६ देखि उत्तरायण शुरु हुने दिन पारेर नेपालमा डा हरिप्रसाद पोखरेलको सक्रियतामा योगको क्षेत्रमा काम गरेका संस्थाको सहभागितामा विश्व योग दिवस मनाउन थालिएको थियो ।

वैदिककालमा हिमालयको काखमा ऋृषिमुनिले अध्ययन अनुसन्धान गरी प्रतिपादन गरेको योग नेपालमै लुप्तप्रायः बनेको थियो । यही क्षेत्रबाट पुनर्जागरण गर्न दिवस घोषणा गरी जनचेतना जगाउने काम शुरु भएको हो ।

प्राचीनकालमा योग, ध्यान र आयुर्वेदका माध्यमबाट मानसिक शान्ति एवं स्थिरता र आरोग्यता प्राप्ति हुन्थ्यो ।

आधुनिक युगको प्रभावमा यसलाई चटक्क बिर्सिएका नेपाली युरोप र अमेरिकामा उपचार र सुख शान्तिका लागि बढी प्रयोगमा आउन थालेपछि योगतिर आकर्षित हुन थालेका हुन् ।

**जुन २१ मा अन्तर्राष्ट्रिय योग दिवस**

भारतीय प्रधानमन्त्री नरेन्द्रदामोदर दास मोदीले संयुक्त राष्ट्रसङ्घको ६९ औं महासभामा योग सबैका लागि सधैंका लागि आवश्यक भएकाले अन्तर्राष्ट्रिय योग दिवसको घोषणा गर्न प्रस्ताव गरेका थिए । सो प्रस्तावमा नेपालका तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले पहिलो समर्थन गरेपछि युरोपियन युनियनलगायत संयुक्त राष्ट्रसङ्घका स्थायी सदस्य राष्ट्रले समर्थन गरेका थिए ।

सङ्घले घोषणा गरेका दिवसमध्ये ९० दिनमा १७७ देशले समर्थन गर्ने कीर्तिमान योग दिवसले कायम गरेको छ । सन् २०१६ देखि २१ जुनमा अन्तर्राष्ट्रिय योग दिवस विश्वभर मनाइएको थियो ।

माघ १ गते मनाउने गरिएको विश्व योग दिवस २१ जुनमा मनाइएपछि नेपालका अभियानकर्मीहरूले माघ १ लाई राष्ट्रिय योग दिवस घोषणा गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयमार्फत् मन्त्रिपरिषद्मा प्रस्ताव गरेका थिए ।

'योगको सुरुआत शिव र पार्वतीको संवादबाट सुरु भएको मानिन्छ, शिव पार्वतीको वास नेपालकै हिमालय क्षेत्रमा थियो, नेपाल माहात्म्यको हिमवत्खण्डमा यसको चर्चा छ,' योग दिवसका अभियानकर्मी डा पोखरेलले भने । आयुर्वेदलाई योगसँग जोड्न वि सं २०४८ चैत १५ गतेदेखि नरदेवी आयुर्वेद अस्पतालमा योग अभ्यास सुरु गरिएको थियो । विसं २०५८ देखि क्षेत्रीय आयुर्वेद चिकित्सालय बिजौरी दाङमा पनि योगको अभ्यासबाट स्वास्थ्य लाभ गराउन शुरु गरिएको छ ।

योग वैदिक चिकित्सा पद्धति भएकाले अथर्ववेदमा 'योगश्चित्तवृत्ति निरोधः' अर्थात् मनमा आउने विभिन्न विषयलाई रोक्ने अभ्यास गर्नु नै योग हो भनिएको छ ।

इसापूर्व १६०० मा रचना गरिएको आयुर्वेदिक ग्रन्थ चरकसंहितामा मनलाई जित्ने सत्वावजय चिकित्सा पद्धतिको विकास हिमालय क्षेत्रको वनमा ऋृषिमुनिले योग, ध्यान साधना र तपस्याद्वारा गरेको उल्लेख छ ।

योग दिवस मनाउन थालेपछि नेपालमा योग र आयुर्वेदको क्षेत्र विकसित हुने यस क्षेत्रमा लाग्नुभएका स्नातकोत्तर योग विज्ञान एसोसिएसन नेपालका अध्यक्ष क्षितिज बाराकोटीको विश्वास छ ।

नेपालमा योग र प्राकृतिक चिकित्साको औपचारिक अध्ययन अध्यापन नेपाल संस्कृत विश्वविद्यालयको वाल्मीकि विद्यापीठमा हुँदै आएको छ ।

प्रवेशिका गरेकालाई छ महिनाको योग र प्राकृतिक चिकित्साको तालिम दिने गरिएको हो ।

जुनसुकै विषयमा स्नातक गरेकालाई प्राच्य स्वास्थ्य शिक्षामा दुई वर्षे स्नातकोत्तरको पाठ्यक्रमसमेत स्वीकृत भएको विद्यापीठका योग र प्राकृतिक चिकित्सा विभाग प्रमुख डा पोखरेल बताउनुहुन्छ ।

स्वास्थ्य विषयमा स्नातक गरेकालाई प्राथमिकता दिए पनि जुनसुकै विषयमा स्नातक पूरा गरेकाले स्नातकोत्तर कक्षामा सहभागी हुन सक्नेछन् ।

विसं २०५१ देखि पाठ्यक्रम विकास केन्द्रले कक्षा नौ र दशमा इच्छाधीन विषयका रूपमा योग शिक्षा, प्राकृतिक चिकित्सा र आयुर्वेद राखे पनि यस विषयमा स्नातक गरेका जनशक्ति नभएपछि शुरु हुन सकेको छैन ।

मानवभित्र भएका सम्पूर्ण सम्भावनालाई उजागर वा प्रकटीकरण गर्न सक्ने ज्ञान विज्ञानलाई योग भनिन्छ । प्रारम्भिक कालमा योग सबैका लागि सधैंका लागि भएकामा मध्यकालमा दाह्री, कपाल पालेका वैरागी एवं साधु सन्तका लागि मात्र योग भन्ने अर्थमा बुझिन्थ्यो । अहिले स्वास्थ्यसँग जोडिएर योग आएको छ ।'जुन मान्छे जहाँ छ, त्यसबाट व्यवस्थितरूपमा अघि बढ्ने माध्यम योग हो, यसले कार्यक्षमता वृद्धि गर्छ, यसलाई पश्चिमी देशले जीवन व्यवस्थापन शास्त्र भन्न थालेका छन्', डा पोखरेलले भने । योगभित्र मनोविज्ञान, परामनोविज्ञान र भावातीत मनोविज्ञान भएको उनले बताए ।

अमेरिकाका क्याम्पसमा परामनोविज्ञान र भावातीत मनोविज्ञानको अध्ययन अध्यापन सुरु भएको छ ।

योग र ध्यान साधनाका लागि उत्तरायण महत्त्वपूर्ण मानिने भएकाले उत्तरायण सुरु हुने पहिलो दिन मकर सङ्क्रान्ति अर्थात् माघ १ गतेलाई सरकारले राष्ट्रिय योग दिवस घोषणा गरिएको हो । यस अवसरमा भक्तपुरको सानो ठिमीमा मूल कार्यक्रम गर्न लागिएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# प्रचण्डलाई कांग्रेसले विश्वासको मत दिँदा यसकारण झस्किए ओली

## माओवादी मत कांग्रेसको 'ढोक्सा' मा पर्‍यो भने एमालेले गुमाउनेछ राष्ट्रपति

नेपाली कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिने संकेत प्राप्त गरेपछि त्यसलाई एमाले अध्यक्ष केपी शर्मा ओलीले २५ पुससम्म कांग्रेसको 'सदाशय' को रुपमा व्याख्या गरिरहेका थिए।



गठबन्धन सरकारको नीति तथा कार्यक्रम सार्वजनिक कार्यक्रम (२५ पुस) लाई सम्बोधन गर्दै ओलीले भनेका थिए, 'अहिले नै सरकारको पक्षमा १७५-१८० सांसदको समर्थन छँदैछ। त्यसमाथि भोलि (२६ पुस) प्रधानमन्त्रीले विश्वासको मत लिंदा ८५ देखि ८८ जना सांसदको समर्थन थपियो भने पनि अप्ठेरो मान्नु पर्दैन।'

उनले उल्लेख गरेको '८५-८८ सांसदको समर्थन' खासमा नेपाली कांग्रेसप्रति लक्षित थियो। ओलीको 'संकेत' सही पनि ठहरियो। २६ पुसमा भएको मतदानमा प्रचण्डले प्रतिनिधि सभाका २ सय ६८ सांसदबाट विश्वासको मत प्राप्त गरे। त्यसमा ८६ मत कांग्रेसको थियो।

तर, अघिल्लो दिन '८५-८८ सांसदको समर्थन थपिँदा अप्ठेरो मान्नु पर्दैन' भनिरहेका ओलीलाई नै प्रचण्डले साँच्चिकै कांग्रेसबाट पनि विश्वासको मत प्राप्त हुने भएपछि अप्ठेरो लाग्न थालिसकेको थियो।

'कांग्रेसको समर्थनभित्र सदाशयबाहेक अन्य कुरा छैन भन्ने विश्वास छ। यदि यो समर्थन कुनै जाल वा ढोक्सा होइन भने स्वागतयोग्य छ,' विश्वासको मत उपर प्रतिनिधि सभामा भएको छलफलमा ओलीले २६ पुसमा भने, 'यसभित्र भोलिका निम्ति अरु खालको विशेष आग्रह सोचिएको छ भने ढोक्सा रित्तै हुनेछ। त्यो ढोक्सा थापिएको खोला वा खोल्सीबाट कुनै माछा बग्ने छैनन्।'

**कांग्रेसको 'ढोक्सा' केका लागि?**

ओलीले बिम्बका रुपमा प्रयोग गरेको 'ढोक्सा' प्रचण्डलाई दिएको विश्वासको मत थियो। 'माछा' बिम्बको अर्थ के थियो, कांग्रेस नेताद्वय रामचन्द्र पौडेल र डा. शेखर कोइरालाले प्रष्ट्याइरहेका छन्।

'ओलीले (कांग्रेस-माओवादीसहितको) गठबन्धन 'हाइज्याक' गरे, त्यसलाई 'करेक्सन' गर्न कांग्रेसले विश्वासको मत दिएको हो,' प्रचण्डलाई विश्वासको मत दिएपछि पौडेलले भनेका थिए, 'प्रचण्डलाई विश्वासको मत दिएपछि हामीले ढुक्क महसुस गरेका छौं। अब सबै कुरा ठीक ठाउँमा आउने अपेक्षा गरौं।'

कांग्रेससहितको गठबन्धनमा माओवादीलाई फर्काउन प्रचण्डलाई विश्वासको मत दिएको हो भन्ने कुरा पौडेलको उपरोक्त कथनबाट बुझ्न सकिन्छ।

कांग्रेसका अर्का नेता डा. कोइरालाले एक कदम अघि बढेर राष्ट्रपति-उपराष्ट्रपति, सभामुख-उपसभामुख निर्वाचनलाई मध्यनजर गर्दै प्रचण्डलाई मत दिइएको प्रष्ट पारेका छन्।

'राष्ट्रपति-उपराष्ट्रपतिको निर्वाचनमा देशभरका सांसदले भोट हाल्नुहुन्छ, राष्ट्रपतिमा माओवादी केन्द्रले हामीलाई भोट हाल्छ कि भन्ने आशा पार्टीले गरेको छ,' विराटनगर पुगेर कोइरालाले बिहीबार (२८ पुस) भनेका छन्, 'त्यही भएर प्रचण्डजीलाई हामीले विश्वासको मत दिएका हौं।'

२ सय ७५ सदस्यीय प्रतिनिधि सभामा प्रचण्डको विपक्षमा सिर्फ २ र पक्षमा २ सय ६८ मतसहितको असाधारण समर्थन जब जुट्यो, तत्काल यसको असर राजनीतिमा एमालेको 'निर्णायक हैसियत' समाप्त भएको अर्थमा मात्र बुझिएको थियो।

तर, कांग्रेसको उदेश्य अहिलेको सत्ता गठबन्धनमा ओलीको हैसियत घटाएर प्रचण्डको हैसियत बढाउने भन्दा गुम्ने क्रममा रहेको राष्ट्रपति पद हासिल गर्नु हो भन्ने कुरा नेताद्वय पौडेल र डा. कोइरालाको कथनले प्रष्ट पारेको छ।

कांग्रेस सभापति शेरबहादुर देउवाले प्रचण्डलाई पहिलो चरणको प्रधानमन्त्री दिन नमान्दा कांग्रेसको 'कोर्स' बिग्रन पुगेको थियो। यति नराम्रोसँग बिग्रन पुग्यो कि, उसको 'ढोक्सा' मा सुरक्षित भइसकेको राष्ट्रपति पद एमालेको 'ढोक्सा' मा पर्ने पक्काजस्तो देखियो।

त्यही बिग्रिएको 'कोर्स करेक्सन' गरेर राष्ट्रपति पद आफ्नो 'ढोक्सा' मा फर्काउन कांग्रेसले प्रचण्डलाई विश्वासको मत दिएको हो। पौडेल र डा. कोइरालाले कथनबाट बुझ्नुपर्ने कुरा यही हो।

प्रचण्डलाई कांग्रेसबाट समेत विश्वासको मत प्राप्त हुने कुरालाई २५ पुससम्म सहज रुपमा लिएका ओली रातारात झस्कन पुग्नुका दुई कारण छन्।

जानकारहरुका भनाइमा, पहिलो कारण कांग्रेसको मत प्राप्त गर्ने प्रष्ट हुँदाहुँदै त्यसैदिन (२५ पुस) भएको प्रचण्ड-देउवाबीचको भेटघाट हो। दोस्रो कारण कांग्रेसको प्रचण्डप्रतिको नरमपनाले राष्ट्रपति-उपराष्ट्रपति निर्वाचनमा माओवादी मतभारलाई पार्नसक्ने प्रभाव हो।

**माओवादीले मत दिए राष्ट्रपति कांग्रेसको**

सत्ता गठबन्धनबीचको 'आलोपालो सहमति' अनुसार ओली साढे दुई वर्षपछि प्रधानमन्त्री बन्नेछन्। तर, गठबन्धन टुट्यो भने ओली प्रधानमन्त्री बन्ने पक्का हुनेछैन। त्यसैले, ओली प्रधानमन्त्री बन्न माओवादीको साथ जरुरी छ। आफ्नै 'पकेट' का राष्ट्रपति र सभामुख भए प्रधानमन्त्री बन्न उनलाई अरु सहज हुनेछ।

प्रचण्ड कांग्रेसतिर ढल्किदिए भने ओली प्रधानमन्त्री नबन्ने मात्र होइन, एमालेले राष्ट्रपति पनि गुमाउनु पर्ने हुन्छ। अहिलेसम्मको स्थितिमा राष्ट्रपतिका लागि माओवादीको मतभार निर्णायक छ।

अहिलेसम्मको चर्चा अनुसार गठबन्धनको समर्थनमा एमालेले सुवास नेम्वाङलाई राष्ट्रपतिको उम्मेदवार बनाउने छ भने कांग्रेसबाट संभवतः रामचन्द्र पौडेल उम्मेदवार बन्नेछन्।

संघीय संसद् र प्रदेश सभाका सांसदहरु मतदाता हुने राष्ट्रपति निर्वाचनको कुल मतभार ५२ हजार ७ सय ८६ हो। संविधान अनुसार राष्ट्रपति निर्वाचित हुन यसको ५० प्रतिशत अर्थात् २६ हजार ३ सय ९४ मतभार आवश्यक पर्छ।

अहिले सत्ता गठबन्धनमा आवद्ध दलमध्येको एमालेको १५ हजार २ सय ३३, माओवादीको ७ हजार ७ सय ७६, राप्रपाको २ हजार ४ सय ५०, जसपाको २ हजार १ सय ४५, रास्वपाको १ हजार ५ सय ८०, जनमतको १ हजार २ सय ४२, नागरिक उन्मुक्ति पार्टीको ८ सय ४ गरी कुल ३१ हजार २ सय ३५ मतभार छ। यो भनेको विजयका लागि आवश्यक भन्दा झण्डै ६ हजार बढी मतभार हो।

अर्कोतिर कांग्रेससहित विपक्षमा रहेका दलहरुको मतभार २० हजार ७१ छ। यसमा कांग्रेसको १६ हजार २ सय २१, एकीकृत समाजवादीको २ हजार ६ सय ७३, लोसपाको ९ सय ७१ र राजमोको २ सय ६ मत छन्।

यस हिसाबले कांग्रेससहितको यो गठबन्धनलाई राष्ट्रपतिमा विजय हासिल गर्न मोटामोटी ६ हजार ३ सय २३ मत आवश्यक पर्छ।

तर, ७ हजार ७ सय ७६ मतभार रहेको माओवादी केन्द्र पुरानै गठबन्धनमा फर्क्यो भने एमालेसहितको गठबन्धनले राष्ट्रपति निर्वाचनमा २३ हजार ४ सय ५९ मत मात्र प्राप्त गर्नेछ। कांग्रेस-माओवादी सहितको नयाँ गठबन्धनले २७ हजार ८ सय ४७ मत प्राप्त गरी राष्ट्रपतिमा विजय हासिल गर्नेछ।

अर्थात्, माओवादीको साथ पाएन भने एमालेका राष्ट्रपति उम्मेदवार झण्डै तीन हजार मतअन्तरले पराजित हुनेछन्। त्यो पनि अहिलेको सत्ता गठबन्धनमा सामेल अन्य दलले साथ दिएको स्थितिमा मात्र। हुन त प्रचण्डलाई प्रधानमन्त्री बनाइँदा राष्ट्रपति र सभामुख एमालेले पाउने सहमति भएको छ। सहमतिप्रति माओवादी नेतृत्व इमान्दार रहँदा पनि उसका सबै मत प्राप्त नहुन सक्छन्। किनकि राष्ट्रपति-उपराष्ट्रपति निर्वाचन गोप्य मतदानका आधारमा हुन्छ। प्रदेश सभा सदस्यसमेत मतदाता हुन्छन्। यस हिसाबले शत-प्रतिशत मत गठबन्धनको पक्षमा नजाने सम्भावना पनि रहन्छ।

त्यसबाहेक ओलीले माओवादी केन्द्रसँग पार्टी एकताका लागि प्रचण्डलाई प्रधानमन्त्री बनाएका होइनन्। कांग्रेस-माओवादी गठबन्धन तोड्नका लागि मात्र उनले प्रचण्डलाई प्रधानमन्त्री बनाएका हुन्। एमाले-माओवादी केन्द्रबीचको तुष पूर्णतः पखालिएको छैन। 'सत्ताकब्जा' का लागि ओलीले दुई वर्षपछि आफू प्रधानमन्त्री र अहिले राष्ट्रपति-सभामुख लिन खोजेका हुन् भन्ने आम ठम्याइ कायमै छ।

यही 'माओवादी मनोविज्ञान' र 'आम मनोविज्ञान' बुझेर नै कांग्रेसले प्रचण्डलाई विश्वासको मत दिएको हो। ताकि आधिकारिक तवरमा माओवादी केन्द्रले एमालेलाई समर्थन गरे पनि गोप्य मतदानमा माओवादी मत कांग्रेसको 'ढोक्सा' मा आओस्। र, प्रचण्डलाई कांग्रेसबाट प्राप्त विश्वासको मतले ओली एवं एमालेमा थपेको संशयको कारण पनि यही हो। *नेपालखबरबाट*


जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी वहन गरौं ।

**धनुषाधाम नगरपालिका**
**धनुषा**



**शितलहरबाट बचौ र बचाऔ**

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

- समयमै न्यानो कपडाको जोहो गरौ ।
- चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नविताऔ ।
- घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
- घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
- चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
- छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
- चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने वानीको विकास गरौ ।
- तातो पानी पिईरहौ ।

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा**

# अवैध उत्खननमा प्रयोग गरिएका २ जेसीबी र ९ टिपर प्रहरीको नियन्त्रणमा

**खबर दर्पण समाचारदाता**

**पुस ३० गते, सर्लाही**

सर्लाही प्रहरीले अवैध उत्खननमा प्रयोग गरिएका २ जेसीबी र ९ वटा टिपर नियन्त्रणमा लिएको छ।

सर्लाहीको हरिवन र लालबन्दीको सीमा भएर बग्ने लखन्देही खोलाबाट शुक्रबार साँझ ती जेसीबी र टिपर नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिए।

खोलामा मनपरी ढंगले गिटी-बालुवा उत्खनन भइरहेको भनेर स्थानीयले दिएको सूचनाको आधारमा पुगेको प्रहरीले जेसीबी र टिपर नियन्त्रणमा लिएको हो।

पूर्वपश्चिम राजमार्गअन्तर्गत लखन्देही पुलदेखि झण्डै १ किलोमिटर उत्तरबाट मापदण्डविपरीत अवैध उत्खनन गरिरहेका जेसीबी र टिपर चालकसहित नियन्त्रणमा लिइएको यादवले बताए।

प्रहरीले ना. ७ ख २६६५, ना. ७ ख ८९२१, ना. ७ ख ५९९५, ना. ७ ख ५४५६, ना. ७ ख ६४३९, ना. ७ ख २९८५, ना. ७ ख ६७८९, प्रदेश २-०३-००१ ख ४२४३ र प्रदेश २-०३-००१ ख ०२०१ नम्बरका टिपर र जेसीबी प्रहरीले नियन्त्रणमा लिएको हो।

लखन्देही खोला ठेक्का लागे पनि मापदण्डविपरीत निकै गहिरो खाल्डो बनाएर जोखिम निम्तने गरी उत्खनन भएपछि नियन्त्रणको प्रयास गरिएको प्रहरीले जनाएको छ।

टिपर, जेसीबी र त्यसका चालकलाई नवलपुरस्थित इलाका प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

यसैबीच सर्लाही प्रहरीले अवैध रुपमा सञ्चालित आठवटा क्रसर उद्योग पनि बन्द गरिएको जनाएको छ।

# रोट्र्याक कलव अफ बर्दिबासको सन् २०२३-०२४ को लागी नेतृत्व तय



**खबर दर्पण समाचारदाता**

**पुस ३० गते, बर्दिवास**

२०२२ मा निर्वाचित विजय पोखरेलको नेतृत्वको कार्याकाल ४ महिना वाकी रहदै नया नेतृत्वको तय गरेको हो । एक-एक बर्षमा सकिने कार्यकालमा रोटट्र्याकको नियमअनुसार बर्षेनी नया नेतृत्व चयन गर्नुपने प्रावधान छ ।

सोही अनुसार नया नेतृत्वको नाम तय गरिएको अध्यक्ष विजय पोखरेलले वताए । २०२३/२४ को नेतृत्वको लागी अध्यक्षमा रविन पोखरेलको नाम तय गरिएको छ भने उपाध्यक्षमा तुलसी देवि गौतम, सचिवमा सरोज गजमेर, कोषाध्यक्षमा भवानी अधिकारी, पब्लिक इमेज चियरमा पत्रकार विशाल बस्नेत, कलव एडमिन सुदर्शन श्रेष्ठको नाम तयर गरिएको छ ।

रोटरी कलव अफ बर्दिबासका सदस्य तथा रोट्र्याक कलवका समन्वकर्ता सुदर्शन काफ्लेको उपस्तिथिमा तय भएको उक्त नेतृत्वले २०२३/२४ सम्म कलवलाइ गतिशिल वनाउनेछन ।

प्रस्तावित नेतृत्वको कार्यकाल भने अहिलेको नेतृत्वको कार्याकाल सकिएपछी मात्र सुरु हुनेछ ।

सामाजिक कार्यमा निक्कै सक्रिय रहदै आएको रोट्र्याक कलव अफ बर्दिबासमा झण्डै ३५ जना सदस्यहरु छन । सरसफाइ तथा सार्वजनिक चासोको बिषयमा खवरदारी गरिरहेका युवाहरुले कलवको माध्यमवाट नमुना कामहरु समेत गरेका छन ।

प्रहरी तथा समबन्धित निकायसँग साझेदारी गरि युवाहरुलाइ लागुऔषधको विरुद्ध सचेतना जगाउने, सर्पको टोकाइवाट वच्ने उपायहरुको समुदायमा प्रचारप्रसार गर्ने, सितलहरको प्रकोपमा रहेका समुदायको पहिचान गरि न्यानो अभियान चलाउने जस्ता सकारात्मक सक्रियताले छोटो समयमा नै रोट्र्याक कलवले बर्दिबासमा छुट्टै पहिचान वनाएको छ । शनिवार बर्सिबासको बिनायक होटलमा भएको एक कार्यक्रमका विच विजय पोखरेल नेतृत्वले गरेको अहिलेसम्मको समीक्षा, नया नेतृत्वको तय तथा कार्याकालको उत्तरार्धमा गर्ने रणनितिको विषयमा छलफल भएको थियो ।

# भारत लँदै गरिएको १३ लाखको सौफी रक्सी बरामद

प्रहरीले रौतहटको राजदेवीबाट झण्डै १३ लाख रुपैयाँ मूल्य बराबरको अवैध मदिरा बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय रौतहट र स्थानीय बेलविछुवा प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले शुक्रबार राति भारतीय गाडीसहित ठूलो परिमाणममा सौफी रक्सी बरामद गरेको हो।

नेपालबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा राजदेवी नेनगरपालिका ८ स्थित नेपाल भारत सीमा क्षेत्रबाट बीआर ०६ पी ६७८० नम्बरको बोलेरो गाडिसहित १२२ कार्टुन मदिरा बरामद गरिएको रौतहटका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए।

बोलेरो र महिरासहितका सामान गौर भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ। बोलेरो चालक भने फरार भएका छन्।

त्यसैगरी हिजै प्रहरीले रौतहटको नेपाल भारत सीमा क्षेत्रबाट झण्डै एक लाख रुपैयाँ मूल्य बराबरको अवैध सामासहित बीआर ०५के १२३३ नम्बरको भारतीय मोटरसाइकल बरामद गरेको छ। मोटरसाइकल चालक भने फरार भएको प्रहरीले जनाएको छ।

# मिथिलाञ्चल क्षेत्रमा आज तिला संक्रान्ति धुमधामका साथ मनाइँदै

**खबर दर्पण समाचारदाता**

**पुस ३० गते, महेन्द्रनगर**



जनकपुरधाम सहित सम्पूर्ण मिथिलाञ्चल क्षेत्रमा आज तिला संक्रान्ति धुमधामका साथ मनाइँदै छ। आजको दिन सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने भएकोले पनि यस दिनलाई 'मकर संक्रान्ति' पनि भनिन्छ।

यस दिनलाई माघे संक्रान्ति, तिला संक्रान्ति, माघी वा खिचडी पनि भन्ने गरिन्छ। यस क्षेत्रमा भने यस दिनलाई विशेषगरी तिला संक्रान्तिकै रुपमा मनाउने चलन छ। यस पर्वमा परिवारका अग्रज र आमा-बाबुबाट आफ्ना सन्ततिलाई सखर र तीलको लड्डु खुवाई बुढेसकालमा सेवा गर्नुपर्ने वचन सन्तानबाट लिने गर्छन्।

मिथिलाका परम्पराका जानकार पण्डिताईन शिला देवी झाले भनिन्, 'तिला संक्रान्तिको दिन घरको ज्येष्ठ सदस्यको हातबाट टिका लगाउने र गुड (मिट्ठा) मिसाइएको तीलचामल खाने र विशेष वचन लिने परम्परा छ। तीलासंक्रान्तिको दिन तील खाने सन्तान तथा आफन्तले वृद्धावस्थामा केही आपतविपद पर्दा सेवा गर्ने वचन लिने गर्छन्।' झाले खिचडी, तील र च्युराको लड्डु लगायतका परिकार बनाएर घरका देवदेवीलाई चढाएर पूजापाठ गरी सबै परिवारका सदस्य एकै ठाउँमा बसेर खाने चलन रहेको बताईन् ।

मिथिलाञ्चलमा मनाइने प्रत्येक पर्वमा बेग्लाबेग्लै लोककलाको प्रदर्शनी र चित्रांकन गर्ने कार्यअन्तर्गत तिला संक्रान्तिका दिन बिहानै भक्तजनले चोखो भई प्रसन्न मुद्रामा भगवती मन्दिरका प्रवेशद्वार तथा आ-आफ्नो घर-आँगनमा कमलको फूलजस्तै शृङ्गार गर्छन्। कतिपयले आजका दिन बिहान नुहाएर भगवतीको उपासना पनि गर्छन् भने कतिपयले भगवतीको प्रतिमा तेल, चामल, सख्खर चढाएर आफूभन्दा कान्छो मानिसको हातमा दिने चलन छ। यसरी मान्यजनबाट तिल र चामल लिएर उनीहरूप्रति श्रद्धा तथा आस्थाको भावना प्रकट गरिन्छ।

धार्मिक मान्यता अनुसार भगवान र भगवती दुवैलाई सम्मान र श्रद्धाका साथ पूजाआजा गरी भगवतीलाई सिन्दूर, चुरा र तिलको लड्डु चढाउने गरिन्छ भने भगवानलाई मिठाइ, फलफूल र तिलको लड्डु अनिवार्य रूपमा चढाई खिचडीको भोग लगाइन्छ। यस पर्वमा खिचडी खान अनिवार्य भएकाले यसलाई 'खिचडी पर्व' पनि भनिन्छ।

यो पर्वमा ब्राह्मण भोजनको पनि व्यवस्था गरिन्छ। ब्राह्मण दानका लागि तिल तथा सख्खरबाट बनाइएको लड्डुको प्रयोग गरिन्छ। यस पर्वमा तिल तथा च्युराको प्रयोग अत्यधिक हुने भएकाले यसलाई 'तिलवा च्युरा' पनि भन्ने चलन छ। यसबाहेक चामल, खिचडीका सामग्रीहरू जस्तै, मासको दाल, अरवा चामल, नुन, बेसार, तरकारी, घिउ र दही दान गरिन्छ। मैथिली भाषामा 'माघ मास घिव खिचडी खाउँ' भन्ने लोकोक्ति नै छ। खिचडीमा घरको घीउ अनिवार्यरूपमा हालिन्छ। मैथिली भाषाको अर्को उखान अनुसार 'खिचडी के चार यार, पापड, दही, घिव, अचार' पनि यस क्षेत्रमा प्रचलित छ।

जसअनुसार खिचडीको साथमा पापड, दही, घीउ तथा अचार खाँदा अपूर्व स्वाद पाइन्छ भन्ने लोक मान्यता छ। घीउ हालेको पहेंलो खिचडीमा तर लागेको सेतो दही तथा थालको वरिपरि कचौरामा लहरै साग र भुजिया राखेर खाने प्रचलन छ। कतिपय व्यक्तिले जुत्ता, छाता, ठूलो रूमाल र कम्बल पनि दान गर्छन्। उक्त दान आफ्ना लागि वा पितृहरूका लागि पनि गर्ने परम्परा रहिआएको छ। मकर संक्रान्तिको दिन विशेष गरी तीलको परिकार बनाई, देउतालाई चढाउने, दान गर्ने परम्परा छ। पण्डित इन्द्रकान्त झाका अनुसार तीला संक्रान्तिको दिन एक दाना तील दान गर्दा १ हजार तील दान गरेको फल प्राप्त हुन्छ। पण्डित झा भन्छन्, 'आजको दिन तील खाने, तील दान गर्ने र तीललाई आगोमा राखी आगो ताप्नाले बर्षभरी नै स्वस्थ्य रह्न सकिन्छ।' खासगरी मिथिलानी महिलाका लागि 'तिला संक्रान्ति' पर्वको अझ बढी महत्व छ। यसै दिनदेखि कन्याहरू सुयोग्य वर प्राप्तिको कामनाले 'तुसारी पर्व' प्रारम्भ गर्छन् भने विवाहित महिला 'पृथ्वी पर्व' प्रारम्भ गर्छन्। नवविवाहित दुलाहाको घरबाट दुलहीको घरमा यस पर्वमा तिल वा च्युराको कोसेलीका साथै जाडोमा लगाउने वस्त्र आउने परम्परा रहिआएको छ। यस प्रथालाई मैथिलीमा 'जडाउर' भनिन्छ। यसबाट दुई परिवारबीच सौहार्दता, पारस्परिक सहयोग एवम् सद्भाव वृद्धि हुने गरेको छ। आयु, आरोग्य, रूप र गुण अभिवृद्धिको प्रतीक भएर प्रत्येक वर्ष आउने तिला संक्रान्ति पर्व हर्षोल्लास सहित सम्पन्न हुन्छ। त्यसैगरी माघ १ गते अर्थात मकर संक्रान्तिको दिन नवविवाहिताहरुले साँझपूजाको प्रारम्भ गर्छन्। सोहि अनुसार नयाँ विवाह भएका महिलाहरुले आजदेखि साँझपूजाको शुरुवात गरेका छन्।

लगातार एक बर्षसम्म हुने साँझपूजामा विशेषगरी पार्वती र महादेवको पूजा गरिन्छ। नवविवाहित महिलाहरुले पतिको दिर्घायूको कामना गर्दै साँझपर्व मनाउँछन्। ब्रह्मान र कायस्थ जातिमा हुने साँझपर्वमा माघ १ गते देखि विधिवत रुपमा नयाँ वस्त्र, अन्न, फलफुल र तीन प्रकारको माटोमा सिन्दुर मिसाई महादेव पार्वतीको पूजा शुरु गर्छन्। यो पूजा एक बर्षसम्म साँझपख नै गरिन्छ भने अर्को वर्ष माघ १ गते नै यो पूजाको 'निस्तार' अर्थात समाप्ति हुन्छ। साँझ पूजा सुरु गर्ने रीना कर्णका अनुसार एक वर्षसम्म प्रत्येक साँझ भगवाण शिवपार्वतीको पूजा ३ प्रकारको माटो मिसाइएको सिन्दुर, बेलपत्र र फूलले गर्ने परम्परा छ।

त्यस्तै धेरैजसो मिथिलावासी यसै दिनदेखि माघ स्नान सुरू गर्छन्, अर्थात् माघ महिनाभर एकाबिहानै नुहाएर घिउ खिचडी खान्छन्।

पुस महिनासम्ममा तिल, सख्खर पूर्णरूपले उत्पादन भइसक्नु र उक्त उत्पादित वस्तुबाट यो पर्व मनाउनुको अर्थ कृषि र संस्कृतिबीचको अभिन्न एवम् अविभाज्य सम्बन्ध रहेको बुझिन्छ। मकर संक्रान्तिको अवधीमा देहत्याग गर्ने व्यक्ति जन्ममरणको चक्रबाट पूर्णतः मुक्त हुने विश्वास हिन्दुधर्मालम्वीहरुमा रहिआएको छ। महाभारतमा वयोवृद्ध योद्धा भीष्म पितामह पाण्डव र कौरवको बीच भएको कुरुक्षेत्र युद्धमा सांघातिक रूपले घाइते भएका थिए।

उनलाई इच्छा मृत्युको वरदान प्राप्त थियो। पाण्डव वीर अर्जुन द्वारा रचित बाणशैयामा सुतेका भीष्म पितामहले शरीर छाड्न उत्तरायण अवधिको प्रतीक्षा गरेका थिए। सूर्य मकर राशिमा प्रवेश गरेपछि उनले आफ्नो अन्तिम श्वास लिएका थिए। प्रदेश २ सरकारले तिला संक्रान्तिको अवसरमा माघ १ गते सार्वजनिक बिदाको घोषणा गरेको छ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा